नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

मितिः २०७८/०३/१०

पत्र संख्याः
चलानी नं.:

## विज्ञप्ति

श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार श्रम ऐन लागु हुने सम्पूर्ण क्षेत्रका लागि सामाजिक सुरक्षा कोषमा आबद्धता अनिवार्य प्रावधान हो । यसअघि नेपाल सरकारले मिति २०७५ कार्तिक २६ गतेकै राजपत्रमार्फत् सूचना प्रकाशित गरी ऐनद्वारा निर्धारित समयावधिभित्र कोषमा रोजगारदाता आबद्ध भइ श्रमिकहरूलाई समेत आबद्ध गराउन सूचित गरेको पुनः स्मरण गराउन चाहन्छौं ।

२०७८ असार मसान्तभित्र आबद्ध भई योगदान प्रारम्भ गर्ने योगदानकर्ताले अवकाश हुँदा वा जुनसुकै समयमा रोजगारीबाट अन्त्य हुँदा तत्काले वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत जम्मा भएको प्रतिफलसहितको सम्पूर्ण रकम भुक्तानी लिन चाहेमा एकमुष्ट रुपमा लिन सक्ने लगायतका व्यवस्थासमेत सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ (दोस्रो संशोधन) ले गरेको हुँदा २०७८ असार मसान्तसम्म योगदानकर्ताको योगदान प्रारम्भ गरी/गराई कार्यविधिले प्रदान गरेका सुविधाहरू उपयोग गर्नु/गराउनु हुन अनुरोध छ ।

२०७८ श्रावणपछि योगदान प्रारम्भ गर्ने योगदानकर्ताका लागि समेत अवकाश हुँदाका बखतमा नै अवकाश सुविधा योजनामा जम्मा भएको रकम प्रतिफल (ब्याज) सहित फिर्ता पाउने व्यवस्था रहेको छ । योगदानकर्ताले चाहेमा निवृत्तभरण योजनामा नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणा रकम मात्र जम्मा हुने गरी सोभन्दा बढी रकम अवकाश योजनामा जम्मा हुने व्यवस्थाबाट जुनसुकै समयमा जागिरबाट अलग हुँदा सम्पूर्ण रकम निकाल्न सकिने व्यवस्था छ ।

जुनसुकै योगदानकर्ताको १८० महिनाभन्दा कम अवधिको योगदान रकम जम्मा भएमा निवृत्तभरण योजनाको रकमसमेत निवृत्तभरण नलिई एकमुष्ठ भुक्तानी लिन चाहेमा लिन सक्ने व्यवस्थासमेत छ । सम्बन्धित योगदानकर्ताले चाहेमा अन्य अवकाश कोषमा रहेको पुरानो रकम कोषमा हस्तान्तरण गर्ने व्यवस्था कार्यविधिले गरेकाले त्यस्तो हस्तान्तरण अनिवार्य नभई स्वेच्छिक प्रावधान रहेको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

उल्लेखित कानुनी व्यवस्था हुँदाहुँदै पनि पछिल्लो समय सामाजिक सञ्जाललगायत अन्य माध्यमबाट सबै योगदानकर्ताका लागि निवृत्तभरण अनिवार्य र ६० वर्षभन्दा पहिले नै जागिर छोडेमा निवृत्तभरण योजनाअन्तर्गतको रकम निकाल्न ६० वर्षसम्म पर्खनुपर्ने, अन्य अवकाश कोषमा रहेको पुरानो रकमसमेत कोषमा नै अनिवार्य ल्याउनुपर्ने एवं सो रकम निकाल्नका लागि समेत ६० वर्ष नै पर्खनुपर्ने र योगदान रकमको साँवा रकम नै प्राप्त नहुने भन्ने लगायतका निराधार टिप्पणीप्रति कोषको ध्यानाकर्षण भएको छ ।

आगामी दिनमा निवृत्तभरण योजनालाई बिमाङ्कीय मूल्याङ्कनका आधारमा योगदानकर्तामैत्री र समय सान्दर्भिक बनाउँदै जाने सन्दर्भमा कोष प्रतिबद्ध छ । योगदानमा आधारित सामाजिक सुरक्षा सबै श्रमिकले पाउने गरी कानुनी व्यवस्था भएको सन्दर्भमा कोषमा श्रमिकहरूको सूचीकरण तथा नियमित योगदान गरी/गराई रोजगारदातामा निहीत दायित्वसमेत कोषमा हस्तान्तरण गर्नु/गराउनु हुन अनुरोध छ ।

२०७८।३।१०

विवेक पन्थी

प्रबक्ता